<u>वितरणपूर्व जाँच</u>

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि
# रिचर्ड बेनेटद्वारा
# यौनहिंसासम्बन्धी उच्चस्तरीय छलफलमा दिइएको वक्तव्य

२०६४ मङ्सिर १०, काठमाडौं

विज्ञमण्डलका सम्मानित सदस्य, सहभागी तथा सहकर्मीहरू, स्वागतम्।

यस देशमा हाम्रो आगमनयता हामीले धेरै पल्ट अभिलेख गरेको एउटा समस्या – यौनहिंसाका पीडितहरूलाई न्यायमा पहुँच – माथि प्रकाश पार्न मेरो कार्यालयद्वारा आयोजित यस कार्यक्रममा आज तपाईंहरूलाई सम्बोधन गर्दा मलाई अत्यन्त गर्व लागेको छ। लैङ्गिक हिंसाविरुद्ध १६ दिने गतिविधिको वार्षिक अभियानको ढाँचाअन्तर्गत यो विज्ञमण्डलको आयोजना गरिएको हो।

यस वर्षको अभियानको विषयवस्तु हो – "कार्यान्वयनको माग गर्दै, अवरोधहरूलाई चुनौती दिँदै : महिलाविरुद्धको हिंसा अन्त्य गर।" र, आज हामी हाम्रो विज्ञमण्डलमार्फत् त्यही गर्ने आशा गर्दछौं। विद्यमान कानुनलाई कसरी राम्ररी कार्यान्वयन गर्न सकिन्छ ; आफ्ना अनुभवहरूबारे बोल्न तथा न्यायका लागि दाबी गर्न महिलाहरूलाई कदम चाल्न नदिने अवरोधहरूलाई हामी कसरी चुनौती दिन सक्छौं ; र यौनहिंसाका पीडितहरूलाई हामी कसरी राम्ररी सहयोग गर्न सक्छौं भन्नेबारे हामी छलफल गर्न चाहन्छौं।

तपाईंहरूले आज जुन विज्ञमण्डलको छलफल सुन्दै हुनुहुन्छ त्यसले यौनहिंसालाई प्रभावकारीरूपमा सम्बोधन गर्न आवश्यक बहुविधागत पद्धतिको प्रतिनिधित्व गर्दछ। पीडित जहिल्यै पनि यस पद्धतिको केन्द्रमा हुनैपर्दछ। सर्वाधिक मूलभूत सिद्धान्त के हो भने पीडितको सम्मान गरिनैपर्छ र आफूले भोगेको यौनहिंसालाई सम्बोधन गर्ने प्रक्रियाका क्रममा आफैं निर्णय गर्नसक्ने गरी उनको सशक्तीकरण गरिनैपर्छ। यस विज्ञमण्डलका सबै सहभागीको यसरी काम गरेको अनुभव छ र उनीहरू आफ्ना अनुभव हामीलाई सुनाउन सक्ने हुनेछन्।

म महिलाविरुद्धको हिंसा कुनै पनि अर्थमा निजी मामिला होइन भन्ने कुरामा जोड दिन चाहन्छु, र यो साँस्कृतिक तथा परम्परागत कारणहरूबाट निर्धारित छ त्यसैले कसैगरी यसलाई छुट दिने वा कम्तीमा टार्न नसकिने विषय हो भनी व्याख्या गर्न सकिँदैन। समाजका लागि महिलाविरुद्धका हिंसाका कठोर प्रभावहरू हुन्छन् भन्ने कुरा स्वीकार्नैपर्छ :

सामाजिकरूपमा, महिलाविरूद्धको हिंसाले समाजमा डरको वातावरण सिर्जना गर्ने हुनाले। हिंसात्मक पालनपोषणले धेरै बालबालिकामा पीडित र पीडक दुवैको रूपमा हिंसाको चक्र सुरु गराउने सम्भावना बढ्छ भन्ने कुरा स्पष्टसँग अभिलिखित छ ;

प्रजातान्त्रिकरूपमा, महिलाविरुद्धको हिंसा सार्वजनिक तथा राजनीतिक जीवनमा उनीहरूको सहभागितामा एउटा ठूलो अवरोध भएको हुनाले।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel: 4280164 ext.321, Mob: 98510-16922 or Email: mlogan@ohchr.org**
**Website: http://nepal.ohchr.org**

दुर्व्यवहारको सिकार भएकी कुनै पनि महिला राजनीतिक गतिविधि तथा निर्वाचनलगायत सार्वजनिक क्षेत्रका गतिविधिहरूमा सहभागी बन्ने कम सम्भावना हुन्छ। महिलाविरुद्धको हिंसा, र सबै प्रकारका हिंसा, विरुद्ध समाजले किन लड्नैपर्छ भन्ने कारणहरूमध्ये यी केही हुन्। प्रभावकारीरूपमा त्यसो गर्न महिला तथा बालबालिकाले विश्वासका साथ पहुँच प्राप्त गर्नसक्ने सहयोगी संरचनाको विकास गरिनुपर्दछ। आफ्नो समुदायबाट अलग्गिएकाहरूलाई चिकित्सकीय, मनोसामाजिक र कानुनी सहायता एवं आर्थिक सहयोग उपलब्ध गराउनैपर्दछ। यी संरचनाका लागि आवश्यक पर्ने वित्तीय तथा मानव संसाधन उपलब्ध गराउन राज्य र समाजका तर्फबाट प्रतिबद्धता आवश्यक हुन्छ।

लैङ्गिक असमानता नै लैङ्गिकतामा आधारित हिंसाको मुख्य कारण हो भन्ने कुरा पनि स्वीकार्नैपर्दछ र लैङ्गिकतामा आधारित हिंसालाई कम गर्ने कुनै पनि प्रयासले यी असमानताहरूलाई सम्बोधन गर्नैपर्दछ। महिलाको ज्ञान र विशेषज्ञताको उपयोग गर्ने तथा समाजमा महिलाको भूमिकालाई सशक्त बनाउने कार्य स्थिर र विकासोन्मुख समाजका लागि एउटा पूर्वआवश्यकता हो।

अन्त्यमा, हामीले लैङ्गिक हिंसाविरुद्ध १६ दिने गतिविधिको स्मरण गर्दै गर्दा महिलाविरुद्धको हिंसालाई द्विविधारहित ढङ्गले भर्त्सना गर्न, यी अपराधका पीडकहरूलाई जवाफदेही बनाउन तथा व्यवहार परिवर्तनको माग गर्न र यस्ता हिंसा भोगेका महिला तथा बालिकाहरूका लागि हृदयदेखि नै सहयोगको बाचा गर्नमा मलाई साथ दिन नेपालका पुरुषमित्रहरूलाई म विशेषतः अनुरोध गर्न चाहन्छु।

धन्यवाद!